# गैडहवा गाउँपालिका

# Gaidahawa Rural Municipality

## गाउँकार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

गैडहवा, रुपन्देही

Gaidahawa, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal


पत्र संख्या:- २०८१/०८२

च.नं.:-

मितिः २०८१।०७।२७

# कवाडी मालवस्तुको निकासी ठेक्का सम्बन्धी सूचना

गैडहवा गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा १० बमोजिम यस गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को लागि कवाडी मालवस्तु निकासी कर उठाउने कार्यको ठेक्का प्रक्रियाबाट बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलका शर्तको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाका लागि यो सूचना आव्हान गरिन्छ।

| ठेक्का नं. | ठेक्काको किसिम | बोलकवोलको न्यूनतम अंक रू.(मुल्यअभिवृद्धि कर वाहेक) | बोलपत्र फाराम दस्तुर रु.(फिर्ता नहुने) |
|---|---|---|---|
| ०६/गैडहवा/राजश्व/२०८१/०८२ | कवाडी कर | ५,००,०००/-(पाँच लाख मात्र) | १०००/- |

१.ठेक्का अवधि सम्झौता भएको मिति देखि वि.स.२०८२ साल असार मसान्त सम्म रहनेछ।

२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।कुनै व्यक्ति, फर्म वा संस्थाले आफ्नो नामबाट एउटा मात्र दरभाउपत्र खरिद गर्न सक्नेछ तथा एउटाको नाममा खरिद भएको दरभाउपत्र अर्कैको नामबाट दर्ता गराउन पाइने छैन।

३.माथि उल्लेखित ठेक्काको कबोल अंकको थप मुल्य अभिवृद्धि कर १३%(प्रतिशत) राजश्व ठेक्का लिने व्यक्ति, फर्म र संस्थाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गरेपश्चात मात्र सम्झौता गरिनेछ।

४.ठेक्काको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र खरिद गरी १६औं दिनको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र सोही दिनको २.०० बजे दरभाउपत्र खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५.न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६.दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको अंकको ५%(प्रतिशत)का दरले हुने धरौटी रकम यस कार्यालयको NIC ASIA BANK गैडहवा शाखामा रहेको धरौटी खाता गैडहवा गाउँपालिका खाता नं.110CA50014816004 मा जम्मा गरी सोको सक्कल भौचर बुझाउनु पर्नेछ। धरौटी वापतको रकम नगद जम्मा गरेमा दरभाउपत्र स्वतः रद्ध हुनेछ।

७.दरभाउपत्रदाताले खाम बाहिर पट्टी ठेक्का नम्बर र ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ, कबोल रकम अंक र अक्षरमा स्पष्ट गरी तोकिएको हुनु पर्नेछ साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

८.दरभाउपत्र दर्ता गराइ सकेपछि संशोधन गर्न पाइने छैन साथै प्रकाशित सूचना बमोजिम दर्ता भएका कुनै वा सबै दरबाउपत्र यस कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

९.दरभाउपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कबोल अंकको ५०%(प्रतिशत) ले हुन आउने रकम बैंक दाखिला गरी सोको भौचर यस कार्यालयमा जम्मा गरी बाँकी रकम ५०%(प्रतिशत) रकम बराबरको ठेक्का अवधि सम्मको बैंक जमानत (कार्य सम्पादन जमानत) पेश गरी सकेपछि मात्र सम्झौता गरिने। दोस्रो किस्ता बाँकी रकमको ५०%(प्रतिशत) २०८१ चैत मसान्त सम्ममा जम्मा गरी सक्नु पर्नेछ। यदि अग्रिम रुपमा सम्पूर्ण रकम जम्मा गरी सम्झौता गर्न चाहेमा कबोल अंकको १०% छुट दिइनेछ।

१०.कवाड निकासी करको दररेट दरभाउपत्र फारम साथ उपलब्ध गराइनेछ। कर संकलन गर्दा उक्त दरमा १३%(प्रतिशत)ले हुने मू.अ.कर थप गरी संकलन गर्नुपर्नेछ। यस्तो कर कवाड संकलन केन्द्रबाटै संकलन गर्नुपर्नेछ। लोकमार्ग र सहायक मार्गमा तगारो राखि कर असुल गर्न पाइने छैन।

११.ठेक्का कबोल गर्ने ठेकेदारले गैडहवा गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही हुनेछ।

१२.ठेक्कामा कुनै विवाद आएमा गैडहवा गाउँपालिकाले तोकेको निर्णय अन्तिम हुनेछ साथै अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन्।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत